# विद्यालय शिक्षाको शैक्षिक गुणस्तर सुधार निर्देशिका, २०७६

<u>प्रस्तावना</u>: प्रदेश भित्रका विद्यालयहरूमा सरकार, निजी क्षेत्र र साझेदार संस्थाहरु बीचको साझेदारीमा सूचना प्रविधिमा आधारित शिक्षा, पूर्व विद्यार्थी समाजको परिचालन, विद्यालय बीच मितेरी सम्बन्ध र आमा समूहको परिचालन जस्ता कार्यक्रम मार्फत विद्यालयहरूको व्यवस्थापन एवं संस्थागत क्षमताको सुधार गरी एक्काइसौं शताब्दी अनुकूल गुणस्तरीय शिक्षा प्रदान गर्न वाञ्छनीय भएकोले,

प्रदेश सरकारले प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ बमोजिम यो निर्देशिका स्वीकृत गरी लागु गरेको छ ।

## परिच्छेद १

## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस निर्देशिकाको नाम "विद्यालय शिक्षाको शैक्षिक गुणस्तर सुधार निर्देशिका, २०७६" रहने छ ।

(२) यो निर्देशिका प्रदेश सरकारले स्वीकृत गरेको मितिबाट लागु हुनेछ ।

२. <u>परिभाषा</u> : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा-

(क) “अभिभावक” भन्नाले विद्यालयमा बालबालिकाको बाबु वा आमा तथा बाबु वा आमा नभएमा अभिभावकको रूपमा नाम दर्ता भएको व्यक्ति सम्झनुपर्छ र सो शब्दले निजको संरक्षक वा माथवरलाई समेत जनाउँछ ।

(ख) "आमा समूह" भन्नाले सम्बन्धित विद्यालयका अभिभावक आमाहरू मध्येबाट दफा १०(१) बमोजिम गठन हुने आमा समूह सम्झनुपर्छ ।

(ग) "आमा समूह परिचालन समिति" भन्नाले दफा १०(२) बमोजिम गठन हुने समिति सम्झनुपर्छ ।

(घ) “इकाइ” भन्नाले प्रदेश भित्रका जिल्ला स्थित शिक्षा बिकास तथा समन्वय इकाइ सम्झनुपर्छ ।

(ङ) “कार्यक्रम” भन्नाले विद्यालयमा संचालन हुने सूचना प्रविधिमा अधारित शिक्षा, पूर्व विद्यार्थी समाजको परिचालन, विद्यालयबीच मितेरी सम्बन्ध र विद्यालयमा आमा समूहको परिचालन सम्बन्धी कार्यक्रम जस्ता शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने कार्यक्रम सम्झनुपर्छ ।

(च) “निजी लगानीका विद्यालय” भन्नाले निजी लगानीमा स्थापना वा संचालन भएको विद्यालय सम्झनुपर्छ र सो शब्दले यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेको संस्थागत विद्यालयलाई समेत जनाउँछ ।

(छ) “निर्देशक समिति” भन्नाले दफा १४ बमोजिमको प्रदेश निर्देशक समिति सम्झनुपर्छ ।

(ज) "निर्देशनालय" भन्नाले शिक्षा विकास निर्देशनालय प्रदेश नं १ धनकुटा सम्झनुपर्छ ।

(झ) "पूर्व विद्यार्थी समाज" भन्नाले विद्यालयमा अध्ययन गरेका पूर्व विद्यार्थीहरूको समूह, समाज, अल्मुनाइ वा औपचारिक वा अनौपचारिक कुनै संगठन सम्झनुपर्छ ।

(ञ) "प्रदेश" भन्नाले प्रदेश नं. १ सम्झनुपर्छ ।

(ट) "प्रदेश सरकार" भन्नाले प्रदेश नं. १ को सरकार सम्झनुपर्छ ।

(ठ) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको शिक्षा हेर्ने मन्त्रालय सम्झनुपर्छ ।

(ड) "मितेरी सम्बन्ध" भन्नाले विद्यालय शिक्षाका राष्ट्रिय, तहगत र कक्षागत उद्देश्य प्राप्तिका लागि प्रदेश भित्रका सार्वजनिक-सार्वजनिक, सार्वजनिक-सार्वजनिक शैक्षिक गुठी र सार्वजनिक-निजी लगानीका विद्यालयहरू बीच शैक्षिक र व्यवस्थापकीय क्षेत्रमा सहयोगको आदानप्रदान गर्न स्थापित मित्रवत सम्बन्धलाई सम्झनुपर्छ ।

(ढ) "विद्यालय" भन्नाले कार्यक्रम लागु भएका प्रदेशका विद्यालय सम्झनुपर्छ ।

(ण) "शैक्षिक उपलब्धि" भन्नाले बिद्यार्थीहरूले निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनबाट शैक्षिक सत्रको अन्त्यमा प्राप्त गरेको बिषयगत, कक्षागत र तहगत औसत उपलब्धि सम्झनुपर्छ ।

(त) "सरोकारवाला" भन्नाले अभिभावक, चन्दादाता, शिक्षाप्रेमी, सामाजिक कार्यकर्ता, शिक्षक, विद्यार्थी, विद्यालय कर्मचारी, शैक्षिक व्यवस्थापक र सञ्चारकर्मी समेतलाई सम्झनुपर्छ ।

(थ) "साझेदार संस्था" भन्नाले कार्यक्रमका लागि साझेदारी गर्ने स्वदेशी संस्था, नेपाल सरकारबाट अनुमती प्राप्त विदेशी संस्था सम्झनुपर्छ ।

(द) "सार्वजनिक विद्यालय" भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको लगानी वा अनुदानमा संचालित विद्यालय सम्झनुपर्छ र सो शब्दले प्रचलित कानून बमोजिम सामुदायिक विद्यालयको रूपमा संचालित विद्यालयलाई समेत जनाउँछ ।

(ध) "सार्वजनिक शैक्षिक गुठी विद्यालय" भन्नाले मुनाफा नकमाउने उद्देश्यले सार्वजनिक शैक्षिक गुठी अन्तर्गत स्थापना वा सञ्चालन भएका कल्याणकारी विद्यालयलाई सम्झनुपर्छ ।

## परिच्छेद – २

## विद्यालयको शैक्षिक गुणस्तर सुधार कार्यक्रम सम्बन्धी व्यवस्था

३. कार्यक्रम सञ्चालन प्रक्रिया :- (१) निर्देशनालय कार्यक्रममा साझेदारी गर्न इच्छुक साझेदार संस्था र विद्यालयलाई सार्वजनिक सूचना आव्हान गरी प्रस्ताव माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रस्तावमा निर्देशनालयले तोके बमोजिम साझेदार संस्था र विद्यालयले व्यहोर्नु पर्ने दायित्व र गर्नुपर्ने कार्यहरु समेत उल्लेख गर्न सकिनेछ ।

(३) प्रस्तावहरुको मूल्याङ्कन निर्देशनालयले गरी निर्देशक समिति समक्ष पेश गर्नेछ, सो स्वीकृत गर्ने कार्य निर्देशक समितिबाट हुनेछ।

(४) कार्यक्रम कार्यान्वयनको विधि सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ र सम्झौता गर्ने जिम्मेवारी निर्देशनालयको हुनेछ ।

(५) साझेदार संस्था र कार्यक्रम सञ्चालन गर्ने विद्यालयबीच सम्झौता हुनेछ ।

(६) प्रचलित कानुनबमोजिम लेखा राख्ने, लेखा परीक्षण तथा संपरीक्षण गर्ने गराउने जिम्मेवारी सम्बन्धित विद्यालयको हुनेछ ।

(७) कार्यक्रम संचालनको लागि साझेदार संस्थाको प्रतिनिधित्व समेत भएको अनुसूची-१ बमोजिमको एक कार्यान्वयन समितिको गठन निर्देशक समितिले गर्नेछ । सो समितिको पदावाधि ४ वर्षको हुनेछ । सो समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) निर्देशक समितिको निर्णय कार्यान्वयन गर्ने ,
(ख) निर्देशक समितिमा कार्ययोजना र प्रस्ताव पेश गर्ने,
(ग) निर्देशक समितिलाई प्रतिवेदन दिने,
(घ) निर्देशक समितिले तोकेको अन्य काम गर्ने ।

४. सूचना तथा सञ्चार प्रविधि कार्यक्रम सम्बन्धी व्यवस्था: विद्यालयमा इ-एजुकेशनका लागि सूचना प्रविधि प्रयोगशाला, इ-पुस्तकालयको व्यवस्थापन, विद्यालयको वेभ साइट निर्माण तथा अभिभावकहरुलाई डिजिटल साक्षरता कक्षाहरु जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

५. सम्बन्धित निकायहरूको भूमिका :- विद्यालय शिक्षामा दफा ४ बमोजिमको कार्यक्रम कार्यान्वयन र सहजीकरणका लागि सम्बन्धित निकायहरूको भूमिका देहाय बमोजिम हुनेछ:

(१) <u>मन्त्रालयको भूमिका:</u> (क) निर्देशक समितिको मार्गदर्शकका रूपमा काम गर्ने,

(ख) प्रदेशभित्रका विद्यालयहरुमा शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्वन्धी नीति, मापदण्ड, निर्देशिका तर्जुमा गर्ने गराउने,

(ग) विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको कार्यान्वयनको निमित्त स्रोत साधन जुटाउने,

(घ) स्रोतसाधन जुटाउन सहयोगी तथा साझेदार संस्थासँग सम्झौता गराउने,

(ङ) विभिन्न मन्त्रालय, निकाय तथा तहहरु बीच आवश्यक समन्वय गर्ने,

(च) विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा सहयोग गर्ने विभिन्न तह, निकाय तथा संस्थाहरुलाई प्रोत्साहित गर्ने,

(छ) स्वयंसेवक र अभियन्ताहरुको परिचालन गर्ने गराउने,

(ज) समग्र कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने, गराउने।

(२) <u>जिल्ला समन्वय समितिको भूमिका:</u> आफ्नो जिल्लामा सञ्चालन हुने कार्यक्रमको कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने ।

(३) <u>स्थानीय तहको भूमिका:</u> (क) प्रदेश सरकारको नीति अनुकूल विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी नीति तथा मापदण्ड निर्माण गरी कार्यान्वयनको व्यवस्था मिलाउने,

(ख) आफ्नो क्षेत्र भित्रका विद्यालयहरूलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्न प्रोत्साहित गर्ने,

(ग) विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाउन स्रोतको व्यवस्था गर्ने,

(घ) आफ्नो क्षेत्रमा कम्तिमा एक विद्यालय सूचना तथा सञ्चार प्रविधिको स्रोत केन्द्रको रूपमा विकास गर्ने व्यवस्था मिलाउने,

(ङ) सूचना तथा सञ्चार प्रबिधि स्रोतकेन्द्रबाट विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी प्राविधिक सहयोग उपलब्ध गराउने ब्यवस्था मिलाउने,

(च) विद्यालयलाई सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षणसम्बन्धी योजना तथा कार्यक्रम तयार गर्न सहजीकरण गर्ने,

(छ) आफ्नो क्षेत्रभित्रका विद्यालयहरुमा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने,

(ज) अभिभावकहरुलाई डिजिटल साक्षरता कार्यक्रम संचालन गर्ने गराउने,

(झ) स्वयंसेवक र अभियन्ताहरुको सहजीकरण एवं परिचालन गर्ने गराउने।

(४) <u>शिक्षा विकास तथा समन्वय इकाइको भूमिका:</u> आफ्नो जिल्लामा सञ्चालन हुने कार्यक्रमको कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने ।

(५) <u>साझेदार संस्थाको भूमिका:</u> (क) कार्यक्रम सञ्चालनका लागि आर्थिक, प्राविधिक, उपकरण वा सामाग्री सहायता प्रदान गर्ने,

(ख) प्रदेशभित्रका विद्यालयहरुमा शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्वन्धी स्वीकृत नीति, मापदण्ड, निर्देशिका अनुसार कार्यक्रम कार्यान्वयन गर्ने,

(ग) विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगका विषयमा पाठ्यक्रममा आधारित अनलाइन तथा अफलाइन विद्युतीय सिकाइ सामग्री पहिचान तथा विकास गर्न सहयोग गर्ने,

(घ) विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगको निमित्त ई-पुस्तकालय, सर्भर र वेभसाइट व्यवस्थापन तथा सञ्चालन गर्न सहयोग गर्ने,

(ङ) विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्वन्धी प्रादेशिक ई-अनुगमन प्रणालीको विकास र प्रयोग गर्न सहयोग गर्ने,

(च) विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको कार्यान्वयनको निमित्त स्रोत साधन जुटाउने,

(छ) निर्देशनालयसँग समन्वय गरी स्वयंसेवक परिचालन गर्न सहयोग गर्ने,

(ज) विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको कार्यान्वयनको निमित्त प्रदान गरिने तालिम कार्यक्रममा सहयोग गर्ने,

(झ) निर्देशनालयसँग समन्वय गरी तोकिए बमोजिम अन्य कार्य गर्ने ।

## परिच्छेद-३

## <u>पूर्व विद्यार्थी समाज परिचालन सम्बन्धी व्यवस्था</u>

सचिव कानून अधिकृत

६. <u>पूर्व विद्यार्थी समाजको गठन सम्बन्धी व्यवस्था</u> :- (१) पूर्व विद्यार्थी समाजको गठन र दर्ता प्रकृया प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) पूर्व विद्यार्थी समाज गठन तथा परिचालन गर्ने प्रमुख जिम्मेवारी विद्यालय व्यवस्थापन समितिको हुनेछ ।

७. <u>सम्बन्धित निकायहरूको भूमिका</u> :- पूर्व विद्यार्थी समाज परिचालनसम्वन्धी कार्यक्रम कार्यान्वयन र सहजीकरणका लागि सम्वन्धित निकायहरूको भूमिका देहाय बमोजिम हुनेछ:

(१) <u>मन्त्रालयको भूमिका:</u> (क) विद्यालय विकासमा पूर्व विद्यार्थीहरुको संलग्नतासम्बन्धी नीति र मापदण्ड तयार गर्ने,

(ख) पूर्व विद्यार्थी समाजबाट विद्यालयको विकासमा योगदान पुर्याउन नेपाल सरकार, विभिन्न तह, निकाय र पक्षहरु बीच समन्वय गर्ने,

(ग) विद्यालयमा उत्कृष्ट योगदान गर्ने पूर्व विद्यार्थी समाज वा पूर्व विद्यार्थीलाई प्रोत्साहन तथा कदर गर्ने,

(घ) पूर्व विद्यार्थी समाजको परिचालन र विद्यालयको क्षमता विकासका लागि आर्थिक तथा मानवीय स्रोतको ब्यवस्थामा सहजीकरण गर्ने,

(ङ) कार्यक्रमलाई व्यवस्थित रुपमा सञ्चालन गर्न विभिन्न तह तथा निकायहरुसँग समन्वय र सहजीकरण गर्ने,

(च) स्वयंसेवक र अभियन्ताहरुको परिचालन गर्ने,

(छ) कार्यक्रमको अनुगमन तथा मूल्यांकन गर्ने गराउने ।

(२) <u>स्थानीय तहको भूमिका:</u> (क) प्रदेश सरकारको नीति अनुरुप आवश्यक थप नीति तथा मापदण्ड तयार गरी कार्यान्वयन गर्ने गराउने,

(ख) कार्यक्रमका लागि आवश्यक स्रोत साधनको व्यवस्थापन गर्ने,

(ग) आफ्नो क्षेत्रभित्रका विद्यालयमा कार्यक्रम कार्यान्वयनका लागि विभिन्न तह तथा निकायहरु बीच समन्वय गर्ने,

(घ) कार्यक्रममा सहयोग पुर्याउन साझेदार संस्थाहरुलाई प्रोत्साहन गर्ने,

(ङ) स्वयंसेवक र अभियन्ताहरुको परिचालन गर्ने,

(च) कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गरी सुधार गर्ने ।

## परिच्छेद -४

## मितेरी सम्बन्ध कार्यक्रम सम्बन्धी व्यवस्था

८. कार्यक्रम सञ्चालन प्रकृया :- (१) छनौट भएका इच्छुक बिद्यालयहरूमध्ये उच्च र न्यून शैक्षिक उपलब्धि र व्यवस्थापन भएका सार्वजनिक-सार्वजनिक, सार्वजनिक- सार्वजनिक शैक्षिक गुठी बिद्यालय, सार्वजनिक-निजी लगानीका बिद्यालय बीच मितेरी सम्बन्ध कायम गराउने,

(२) मितेरी सम्बन्ध कायम गरेका विद्यालयहरुले दुवै विद्यालयहरुको साझेदारीमा विद्यालय सुधार योजना तयार गरी कार्यान्वयन गर्ने,

(३) मन्त्रालय, निर्देशनालय तथा स्थानीय तहले योजना तथा कार्यक्रम कार्यान्वयनको अनुगमन मूल्याङ्कन गरी सुधारका लागि आवश्यक पहल गर्ने ।

९. सम्बन्धित निकायहरूको भूमिका :- मितेरी सम्बन्ध कायम गर्ने गराउने सम्बन्धमा देहायका निकायहरूले देहाय बमोजिम भूमिका निर्वाह गर्नु पर्नेछः–

(१) मन्त्रालयको भूमिका: (क) विद्यालयहरु बीच मितेरी सम्बन्ध सम्बन्धी नीति तथा मापदण्ड तयार गर्ने,

(ख) विद्यालयहरु बीच मितेरी सम्बन्ध कायम गर्न आवश्यक समन्वय र सहजीकरण गर्ने,

(ग) विद्यालयहरु बीच मितेरी सम्बन्ध कायम गरी गुणस्तर सुधार गर्न आवश्यक स्रोत साधनको व्यवस्था गर्ने,

(घ) उक्त कार्यक्रम मार्फत शैक्षिक उपलब्धि सुधारमा सहयोग पुऱ्याउने निकाय तथा विद्यालयहरुलाई प्रोत्साहन गर्ने,

(ङ) स्वयंसेवक र अभियन्ताहरुको परिचालन गर्ने गराउने,

(च) कार्यक्रमको समग्र अनुगमन तथा मूल्यांकन गर्ने गराउने ।

(२) विद्यालयहरूको भूमिका: (क) तोकिदिएको विद्यालयसँग मितेरी सम्बन्ध कायम गर्ने,

(ख) मितेरी सम्बन्ध कायम भएका बिद्यालयका व्यवस्थापन समिति, प्रधानाध्यापक, बिषयगत शिक्षक, सम्बन्धित बिद्यालय निरीक्षक र स्रोतव्यक्तिहरूसँग अन्तरक्रिया गरी शैक्षिक उपलब्धि एवम् व्यवस्थापन सुधार गर्न सहभागितामूलक योजना तर्जुमा गरी कार्यान्वयन गर्ने,

(ग) मीत विद्यालयको न्यून उपलब्धि हुनुको कारण र उपलब्धि न्यून भएका विषयहरू छनौट गरी सोको सुधारको लागि आवश्यक योजना निर्माण गर्ने,

(घ) न्यून उपलब्धी भएका विद्यालयका लागि आवश्यक पर्ने आर्थिक, भौतिक, प्राविधिक र मानवीय स्रोत साधन उपलब्ध गराउने,

(ङ) न्यून उपलब्धि भएको मीत विद्यालयको उपलब्धि सुधारका लागि आवश्यक अन्य कार्यहरु गर्ने ।

(च) मित बिद्यालयहरूसँग आफ्नो बिद्यालयमा अन्तरक्रियाको लागि उपयुक्त ब्यबस्था मिलाउने,

(छ) शैक्षिक उपलब्धि सुधारका लागि विज्ञ तथा दक्ष मार्फत उपचारात्मक कक्षा संचालन गर्ने गराउने,

(ज) विद्यालयले नमूना परीक्षा संचालन गरी नतीजा बिश्लेषण गर्ने, पृष्ठपोषण दिने र नियमित रूपमा सुधार भए नभएको विश्लेषण र समीक्षा गर्ने,

(झ) स्वयंसेवक र अभियन्ताहरुको परिचालन गर्ने,

(ञ) उच्च उपलब्धि प्राप्त गर्नका लागि आवश्यक अन्य कार्यहरु गर्ने ।

## परिच्छेद-५

## आमा समूहसम्बन्धी व्यवस्था

१०. आमा समूहको गठनः- (१) विद्यालयको सेवा क्षेत्रभित्रका गाउँ/टोलमा देहाय बमोजिमका आमा समूहहरु रहनेछन् -

(क) गाउँ/टोलका आमाहरुले आफूहरुमध्येबाट छानेको व्यक्ति –अध्यक्ष

(ख) गाउँ/टोलका सबै आमाहरु –सदस्य

(ग) विद्यालयका शिक्षकहरुमध्येबाट प्रधानाध्यापकले तोकेको पायक पर्ने शिक्षक –सदस्य-सचिव

(२) विद्यालय व्यवस्थापन समितिलाई सहयोग गर्न आमा समूहहरुलाई परिचालन गर्न विद्यालय स्तरमा देहाय बमोजिमको आमा समूह परिचालन समिति रहनेछ -

(क) विद्यालयका प्रधानाध्यापक –संयोजक

सचिव

(ख) आमा समूहका अध्यक्षहरु —सदस्य

(ग) आमा समूहका सदस्य-सचिव शिक्षकहरु

मध्येबाट संयोजकले तोकेको व्यक्ति -सदस्य सचिव

**स्पष्टीकरण:** उपदफा (१) र (२) को प्रयोजनको लागि "आमा" भन्नाले विद्यालयको अभिलेखमा जनिएको महिला अभिभावक वा सम्बन्धित बालबालिकालाई हेरचाह गर्ने महिला अभिभावक सम्झनुपर्छ ।

(३) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष आमा समूहको संरक्षक हुनेछ ।

(४) विद्यालय शिक्षासँग सरोकार राख्ने व्यक्तिहरूलाई आमा समूह परिचालन समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

(५) आमा समूह परिचालन समिति र गाउँ/टोल आमा समूहको बैठक कम्तिमा महिनाको एक पटक बस्नेछ ।

(६) आमा समूहको पदावधि तीन बर्षको हुनेछ ।

११. <u>आमा समूह परिचालन समितिको काम, कर्तब्य र अधिकार:</u> दफा १०(२) बमोजिम गठन हुने आमा समूह परिचालन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः-

(१) विद्यालयमा मासिक बैठक गरी शैक्षिक प्रगति र विषयगत पठनपाठनको बारेमा छलफल गर्ने,

(२) विद्यार्थीका लागि नियमित दिवा खाजा, स्वच्छ खानेपानी, सरसफाइ, हाजिरी, अनुशासन, अतिरिक्त क्रियाकलाप समेतको बारेमा विद्यालयलाई सहयोग गर्ने,

(३) विद्यार्थीको स्वास्थ्यलाई हानी पुर्याउने खानेकुरा, जंक फुड आदिको प्रयोगलाई रोक लगाउने,

(४) विद्यालय नर्स कार्यक्रम लागु भएका विद्यालयमा विद्यालय नर्ससँग नियमित भेटघाट गरी विद्यार्थीको स्वास्थ्यको जानकारी लिने दिने,

(५) विद्यालयले आयोजना गरेका कार्यक्रममा सक्रिय सहभागिता जनाउने,

(६) बालबालिकाको पठनपाठन, पोषण र आमा समूहको सामर्थ्य बृद्धिका लागि आय आर्जनका कार्यक्रमहरु सञ्चालन गर्ने,

(७) विद्यालयको काम कारवाहीलाई पारदर्शी बनाउन सहयोग गर्ने,

(८) विद्यालयको व्यवस्थापन र शैक्षिक गुणस्तर सुधारका लागि आवश्यक कार्यक्रम संचालन गर्ने, गराउने,

(९) विद्यालयको समग्र बिकासको लागि अभिभावकहरूको परिचालन गर्ने,

(१०) आवधिक रुपमा बालबालिकाहरुका लागि स्वास्थ्य परीक्षणको प्रबन्ध मिलाउने,

(११) स्वयंसेवक र अभियन्ताहरुको परिचालन गर्ने,

(१२) विद्यालय सुधारसम्बन्धी अन्य कार्यहरू गर्ने ।

## परिच्छेद-६

## बजेट सम्बन्धी व्यवस्था

१२. बजेट प्राप्ति र खर्च :(१) कार्यक्रम कार्यान्वयनको लागि निर्देशनालयको प्रस्ताव बमोजिम प्रदेश सरकारले निर्देशनालय वा मन्त्रालयको जिल्ला स्थित शिक्षा हेर्ने कार्यालयबाट विद्यालयको खातामा रकम जम्मा गरिनेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त हुने बजेटको खर्च प्रचलित कानून बमोजिम गरिनेछ ।

१३. लेखा तथा लेखा परीक्षण: बजेट खर्चको लेखा तथा लेखा परीक्षण सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

## परिच्छेद-७

## कार्यान्वयन संयन्त्र सम्बन्धी व्यवस्था

१४. निर्देशक समिति :- (१) कार्यक्रम सम्बन्धमा नीतिगत मार्गदर्शन गर्न प्रदेशस्तरमा एक प्रदेश निर्देशक समिति रहनेछ । उक्त निर्देशक समितिको गठन प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(क) मन्त्री, प्रदेश सरकारको शिक्षा हेर्ने मन्त्रालय – अध्यक्ष

(ख) अध्यक्ष वा प्रतिनिधि, जिल्ला समन्वय समिति महासंघ, प्रदेश – सदस्य

(ग) सचिव, मन्त्रालय – सदस्य

(घ) अध्यक्ष वा प्रतिनिधि, नगरपालिका संघ प्रदेश नं १ – सदस्य

(ङ) अध्यक्ष वा प्रतिनिधि, गाउँपालिका महासंघ प्रदेश नं १ – सदस्य

(च) प्रमुख, शैक्षिक योजना तथा अनुसन्धान

महाशाखा, मन्त्रालय –सदस्य

(छ) सूचना प्रविधि विज्ञबाट १ जना –सदस्य

(ज) साझेदार संस्थाका प्रतिनिधिहरु तीन जना – सदस्य

(झ) अध्यक्ष, नेपाल शिक्षक महासंघ प्रदेश नं १ –सदस्य

(ञ) निजी लगानीका विद्यालयका सञ्चालकहरु

मध्येबाट एक जना –सदस्य

(ट) प्रदेशका पूर्व विद्यार्थी समाजको अध्यक्ष

मध्येबाट एकजना –सदस्य

(ठ) प्रदेशका आमा समूहको अध्यक्षमध्येबाट एकजना –सदस्य

(ड) निर्देशक, निर्देशनालय – सदस्य-सचिव

(२) उपदफा (१) बमोजिम मनोनयन हुने सदस्यहरूको मनोनयन निर्देशक समितिबाट हुनेछ र निजहरूको पदावधि ४ बर्षको हुनेछ ।

(३) निर्देशक समितिको बैठकको कार्यविधि सो समिति आफैले निर्धारण गर्नेछ ।

१५. <u>निर्देशक समितिको काम, कर्तव्य र अधिकारः</u> (१) यस निर्देशिका बमोजिम गरिने कार्यक्रम सम्बन्धमा नीति निर्माण गर्ने,

(२) संघ, प्रदेश, स्थानीय तह, निकाय र पक्षहरू बीच समन्वय गर्ने,

(३) कार्यक्रम सञ्चालन गर्न आवश्यक स्रोतको ब्यवस्था गर्ने ।

(४) उत्कृष्ट कार्य सम्पादन गर्ने विद्यालय, आमा समूह, पूर्व विद्यार्थी समाज, सहयोगी संस्था र अभिभावकलाई प्रोत्साहन गर्ने,

(५) कार्यक्रमबाट हासिल भएका उपलब्धि तथा योगदानको प्रभावकारिता अध्ययन गर्ने गराउने,

(६) कार्यक्रमलाई ब्यवस्थित रूपमा सञ्चालन गर्न आवश्यक सहजीकरण गर्ने,

(७) समग्र कार्यक्रमको अनुगमन तथा मूल्यांकन गर्ने गराउने,

(८) कार्यान्वयन समिति तथा विभिन्न निकायहरूलाई मार्ग निर्देश गर्ने,

(९) स्वयंसेवक र अभियन्ताहरूको परिचालन गर्ने,गराउने

(१०) कार्यक्रमको प्रभावकारीता वृद्धि गर्न आवश्यक अन्य कार्य गर्ने ।

१६. <u>स्थानीय तह कार्यान्वयन समितिको ब्यबस्था:</u> (१) स्थानीय तहमा कार्यक्रम कार्यान्वयन र आवश्यक समन्वय गर्नको लागि देहाय बमोजिमको एक समिति रहनेछ :-

(क) सम्बन्धित स्थानीय तहको प्रमुख –अध्यक्ष

(ख) सम्बन्धित स्थानीय तहको उपप्रमुख –सदस्य

(ग) वडाअध्यक्षहरु मध्येबाट एक जना –सदस्य

(घ) संयोजक, सामाजिक विकास समिति (सम्बन्धित स्थानीय तह) – सदस्य

(ङ) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू मध्येबाट एक जना –सदस्य

(च) प्रधानाध्यापकहरू मध्येबाट एक जना – सदस्य

(छ) शिक्षक अभिभावकसंघका अध्यक्षहरु मध्येबाट एक जना –सदस्य

(ज) आमा समूहका अध्यक्षहरुमध्येबाट एक जना –सदस्य

(झ) पूर्व विद्यार्थी समाजका अध्यक्षहरुमध्येबाट एक जना – सदस्य

(ञ) सूचना तथा संचार प्रविधि बिज्ञ मध्येबाट एक जना – सदस्य

(ट) शिक्षा शाखा प्रमुख (सम्बन्धित स्थानीय तह) –सदस्य-सचिव

(२) उपदफा (१) बमोजिम मनोनयन हुने सदस्यहरूको मनोनयन स्थानीय तह कार्यान्वयन समितिबाट हुनेछ र निजहरूको पदावधि ३ बर्षको हुनेछ ।

१७. <u>स्थानीय तह कार्यान्वयन समितिको काम, कर्तब्य र अधिकार</u> : (१) प्रादेशिक नीति बमोजिम स्थानीय स्तरमा कार्यक्रमको नीति तथा योजना बनाउने,

(२) कार्यक्रमको लागि स्रोत साधनको व्यवस्था गर्ने गराउने,

(३) कार्यक्रमको अनुगमन गरी सुधारका लागि सहजीकरण गर्ने,

(४) निर्देशक समितिलाई सुझाब सहितको प्रतिबेदन दिने,

(५) स्वयंसेवक र अभियन्ताहरुको परिचालन गर्ने,

(६) निर्देशक समितिले तोके बमोजिम अन्य कार्य गर्ने ।

१८. <u>विद्यालय व्यवस्थापन समितिको भूमिका</u> :- (१) कार्यक्रम कार्यान्वयन गर्ने प्रमुख जिम्मेवारी सम्बन्धित विद्यालय व्यवस्थापन समितिको हुनेछ ।

(२) विद्यालय व्यवस्थापन समितिले सरोकारवाला र सम्बन्धित क्षेत्रका विज्ञलाई बैठकमा आमन्त्रण र परिचालन गर्न सक्नेछ ।

(३) कार्यक्रम कार्यान्वयन गर्ने क्रममा विद्यालय व्यवस्थापन समितिले देहाय बमोजिम कार्य गर्नेछ :–

(क) <u>सूचना तथा सञ्चार प्रविधि सम्बन्धी कार्यहरू</u> : (१) विद्यालयमा सञ्चालन गरिने कार्यक्रम पहिचान गर्ने,

(२) उक्त कार्यक्रम सञ्चालनका लागि प्रस्ताव तयार गर्ने र आवश्यक स्रोत साधन जुटाउने,

(३) विद्युतीय सिकाइका लागि कक्षा व्यवस्थापन गर्ने,

(४) मन्त्रालय, निर्देशनालय, शिक्षक अभिभावक संघ, विभिन्न निकाय तथा सरोकारवाला बीच सञ्चार र समन्वय गर्ने,

(५) विद्यालयमा विद्युतीय साधनको मर्मत सम्भार तथा संरक्षण गर्ने,

(६) विद्युतीय सामग्रीहरूको आवश्यकता पहिचान र सामग्रीको सूची तय गरी बैठकबाट निर्णय गराउने,

(७) प्रचलित कानुन अनुसार सामग्री खरीद गर्ने,

(८) अभिभावकहरुका लागि डिजिटल साक्षरता कक्षा सञ्चालन गर्ने,

(९) मन्त्रालय, निर्देशनालय लगायतका निकायहरुको निर्देशन बमोजिम काम गर्ने ।

(ख) पूर्व विद्यार्थी समाज परिचालन सम्बन्धी कार्यहरू: (१) पूर्व विद्यार्थीहरूको अभिलेखीकरण गर्ने,

(२) पूर्व विद्यार्थी समाज गठन गर्न सहजीकरण गर्ने,

(३) विद्यालयको यथार्थ स्थिति पूर्व विद्यार्थीहरूलाई जानकारी गराई सहयोगका सम्भाव्य क्षेत्र पहिचान गर्ने,

(४) पूर्व विद्यार्थी समाजको बिधान बमोजिम साधारण सभा गरी प्रचलित कानुन बमोजिम कार्यसमिति गठन गर्न सहजीकरण गर्ने,

(५) पूर्व विद्यार्थी समाजको सहभागितामा विद्यालय विकास योजना निर्माण गर्ने,

(६) विद्यालय विकासका लागि स्रोत साधन जुटाउन पूर्व विद्यार्थी समाज परिचालन गर्ने,

(७) विद्यालय विकास कार्यमा दीर्घकालीन स्रोतको व्यवस्थापन गर्न पूर्व विद्यार्थी विद्यालय विकास कोष खडा गर्न प्रोत्साहन र सहजीकरण गर्ने,

(८) विद्यालयको बार्षिक उत्सव, अभिभावक भेला र सञ्चार माध्यममार्फत पूर्व विद्यार्थी समाजको योगदानको प्रचारप्रसार, सम्मान र प्रोत्साहन गर्ने,

(९) समग्र विद्यालय विकासको अनुगमनमा पूर्व विद्यार्थी समाजलाई सहभागी गराउने,

(१०) विद्यालय व्यवस्थापन समितिको बैठकमा पूर्व विद्यार्थी समाजको प्रतिनिधिलाई आवश्यकता अनुसार आमन्त्रण गर्ने,

(११) विद्यालय विकासमा पूर्व विद्यार्थीलाई योगदान गर्न प्रोत्साहन गर्ने,

(१२) विद्यालयले गरेका कार्यहरूको नियमित प्रगति प्रतिवेदन पूर्व विद्यार्थी समाजलाई समेत दिने,

(१३) पूर्व विद्यार्थी समाजका योगदानको अभिलेखीकरण गरी अधिकतम सदुपयोग गर्ने,

(१४) विद्यालयको लेखा परीक्षण प्रतिवेदनको जानकारी पूर्व विद्यार्थी समाजलाई दिने।

(ग) मितेरी सम्बन्ध सम्बन्धी कार्यहरू : (१) मितेरी सम्बन्ध स्थापित बिद्यालयहरू बीच राम्रा र सुधार गर्नु पर्ने पक्षहरूको विश्लेषण र समीक्षा गरी सुधार गर्नु पर्ने क्षेत्रको पहिचान गर्ने,

(२) सरोकारवालाहरूको संलग्नतामा विद्यालय सुधार योजना निर्माण गरी कार्यान्वयन गर्ने,

(३) कार्यक्रम संचालनका लागि स्रोतको खोजी, प्राप्ति र परिचालन गर्ने,

(४) मन्त्रालय, निर्देशनालय, इकाइ, शिक्षक अभिभावक संघ, विभिन्न निकाय तथा सरोकारवाला बीच सञ्चार र समन्वय गर्ने,

(५) नियमित छलफल, बैठक, अन्तरक्रिया गरी पृष्ठपोषण आदान प्रदान गर्ने र सोको प्रतिवेदन सम्बन्धित निकायमा पठाउने,

(६) निर्देशक समिति, समन्वय तथा ब्यबस्थापन समिति र स्थानीय कार्यान्वयन समिति बीच सहकार्य गर्ने र प्राप्त निर्देशनहरूको पालना गर्ने,

(७) आवश्यक अन्य कार्यहरु गर्ने।

(घ) <u>आमा समूह सम्बन्धी कार्यहरू :</u> (१) विद्यार्थी भर्ना गर्ने सिलसिलामा प्रत्येक विद्यार्थीको अभिभावक आमाको अभिलेख राख्ने,

(२) अघिल्लो वर्ष भर्ना भई अध्ययनरत तर आमाको अभिलेख नभएका विद्यार्थीहरूको आमाको अभिलेख अद्यावधिक गर्ने,

(३) आमा समूह गठनको क्रममा आमाहरूको भेला बोलाउने र सहजीकरण गर्ने,

(४) आमा समूहसँग शैक्षिक प्रगति र पठनपाठनको बारेमा छलफल गर्ने,

(५) विद्यार्थीको सिकाइ, सरसफाइ, हाजिरी, अनुशासन, अतिरिक्त क्रियाकलाप, स्वच्छ खानेपानी, दिवा खाजा समेतको ब्यबस्थापनमा आमा समूहको सहयोग लिने,

(६) विद्यार्थीको स्वास्थ्यलाई हानी पुग्ने खाद्य पदार्थ, जंक फुडको प्रयोगलाई रोक्न आमा समूहसँग सहकार्य गर्ने,

(७) विद्यालय नर्स कार्यक्रम लागु भएका विद्यालयमा विद्यालय नर्ससँग आमाहरुको नियमित भेटघाट गराई विद्यार्थीको स्वास्थ्यको सम्बन्धमा अन्तरक्रिया गर्ने,

(८) आमा समूह परिचालन समितिको बैठक आयोजना तथा संचालनमा आवश्यक सहयोग गर्ने,

(९) विद्यालयले आयोजना गर्ने क्रियाकलापमा आमा समूहलाई सहभागी गराउने,

(१०) विद्यालयको काम कारवाहीलाई पारदर्शी बनाउन आमा समूहको सहयोग लिने,

(११) आमाहरुलाई विद्यालयको व्यवस्थापन र शैक्षिक गुणस्तर सुधारका लागि आवश्यक कार्यक्रम संचालन गर्न प्रोत्साहन गर्ने।

## परिच्छेद ८

## विविध

१९. **संशोधन गर्न सकिने:** यस निर्देशिकालाई प्रदेश सरकारले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

२०. **मार्गदर्शन बनाउन सक्ने** : यस निर्देशिकाको कार्यान्वयनको लागि मन्त्रालयले मार्गदर्शन बनाई लागु गर्न सक्नेछ ।

२१. **बाधा अड्काउ फुकाउने:** यस निर्देशिकाको कार्यान्वयनमा कुनै वाधा आई परेमा मन्त्रालयले त्यस्तो बाधा अडकाउ फुकाउन सक्नेछ ।

२२. **प्रचलित कानून बमोजिम हुने:** यस निर्देशिकामा उल्लेख गरिएका व्यवस्थाहरू प्रचलित नेपाल कानूनसँग बाझिएमा बाझिएको हदसम्म प्रचलित कानूनको व्यवस्था लागु हुनेछ ।

कानून अधिकृत

प्रमुख सचिव

## अनुसूची-१
(दफा ३ को उपदफा (७) सँग सम्बन्धित)

| | | |
|---|---|---|
| (क) | शिक्षाविदहरुमध्येबाट समितिले मनोनित गरेको एकजना | – अध्यक्ष |
| (ख) | बिषयविज्ञहरु मध्ये बाट दुई जना | – सदस्य |
| (ग) | शिक्षाविद् मध्येबाट एक जना | – सदस्य |
| (घ) | साझेदार संस्थाको प्रतिनिधि | – सदस्य |
| (ङ) | शैक्षिक अभियन्ताहरु मध्येबाट तीन जना | – सदस्य |
| (च) | मन्त्रालयले तोकेको शिक्षा अधिकृत | – सदस्य-सचिव |

कानुन अधिकृत

सचिव

प्रमुख सचिव